# २ अदनको बगैँचामा सङ्कट

***यस अध्यायका मूल पदहरू:*** उत्पत्ति १:२८, रोमी ८:१७, मत्ती ६:२६, उत्पत्ति २:१५-१७, ३:१-७, १०-१९।

***यस अध्यायको स्मरण गर्नुपर्ने मूल पद:*** 'तिम्रो र स्त्रीको बीचमा शत्रुता राखिदिनेछु। तिम्रो सन्तान र उनको सन्तानहरू शत्रुहरू हुनेछन्। उनको सन्तान वा पुत्रले तिम्रो शीरलाई धुजा धुजा बनाउनेछ। र तिमीले उनको कुर्कुच्चोलाई टुक्राटुक्रा पार्नेछौ।" (उत्पत्ति ३:१५ रूपान्तरित)।

सारा संसारका यावत थोकहरूको सृष्टिपछि सबै थोक "एकदम असल" (उत्पत्ति १:३१) थियो भनेर परमेश्वरले उच्चारण गर्नुभएको थियो। अब यो स्पष्ट छ कि सबै थोक यस संसारमा "एकदम असल" छैन। सयौं वर्षदेखि व्यक्तिविशेषहरले, संस्थाहरूले र सरकार तथा शासकहरूले यस संसारलाई ठीक स्थितिमाराख्न खोजिइरहेको पाइन्छ। तर हामीहरूको संसार हिंसा, प्रदुषण र विभिन्न खालका युद्धमा होमी रहेका छन्। भविष्यको उज्ज्वलताको सपना देखेर २१सौं सताब्धी सुरू भएको हुनुसक्छ। तर बिशेष कारणबस त्यो सपना धुजा धुजा भइरहेको पाइएको छ।

यस्तो बिकराल परिस्थितिमा हामी कसरी पुग्यौं? त्यसको जवाफ ख्रीष्ट र शैतानको बीचमा भइरहेको तानातानीको महान् बैचारिक युद्धमा पाउँछौं। यो स्वर्गमा सुरू भएको थियो र यस संसारमा सरेको छ। त्यो युद्ध संसारको इतिहासको सुरूदेखि नै यहाँ चलिरहेको छ।

मानिसको आत्मनिर्णय र स्वबिबेकको स्वतन्त्रतालाई शैतानले कसरी फाइदा उठाउन सक्यो भनेर यस अध्यायमा हेर्नेछौं। उसको अगुवाईमा सुरूभएको मच्चिएको बिध्वंस दैनिक जीवनमा हामी सबैले अनुभव गरिरहेकाछौं। संसारको पतनले यो बताउँछ कि हामीहरूको सुरक्षा भनेको केवल परमेश्वरमा निष्ठावान भएर चल्नु र उहाँका वचनहरूलाई आत्मसात् गरेर शिरोपर गर्नुमा मात्र हुन्छ।

## १. परमेश्वरले मानव जगतको निम्ति दिनुभएको तिन आशिषहरू (उत्पत्ति १:२२,२८)

"र परमेश्वरले हेर्नुभयो र त्यो असल थियो" भनेर परमेश्वरले सृष्टिको बारेमा व्यक्त गर्नुभएको भावना उत्पत्ति १मा सात पल्ट उल्लेख गरिएको छः (१) ज्योतिको सृष्टि हुँदा (उत्पत्ति १:४; (२) सुख्खा जमिन र समुद्र सृष्टि हुँदा (उत्पत्ति १:१०); (३) बनस्पति तथा फलफुलका बोटहरू सृष्टि हुँदा (उत्पत्ति १:१२); (४) सूर्य, चन्द्रमा र ताराहरू सृष्टि हुँदा (उत्पत्ति १:२५) (५) आकाश र समुद्धमा जलजन्तु तथा चराहरू सृष्टि हुँदा (उत्पत्ति १:२१) र (६) बिभिन्न पशुहरू र घस्रने जन्तुहुरू सृष्टि हुँदा (उत्पत्ति १:२७)। अन्तमा जब परमेश्वरले सृष्टिको सम्पूर्ण काम सक्नुभयो तब यो खुशियाली व्यक्ति गर्नुभएको थियोः (७) " परमेश्वरले बनाउनुभएको प्रत्येक थोक उहाँले हेर्नुभयो र ती सबै थोक अत्यन्त असल थियो" (उत्पत्ति १:३१ रूपान्तरित)।

तसर्थ हामी यो पाउँछौं कि परमेश्वरले बनाउनुभएको यावत थोकहरू अति असल थियो। अनि त्यसपछि आफ्नो सृष्टिमा उहाँ अर्को कदम चाल्नुभयो र तिन क्षेत्रहरूमा उहाँले आशिष दिनुभयो।

प्रथम, उहाँले समुद्रका जनावरहरू, माछा र चराहरूलाई यसरी आशिष दिनुभयोः तिमीहरू फल्दैफुल्दै वृद्धि हुँदै जाओ र समुद्धका पानीहरूमा तिमीहरू भरियोस् र यस संसारमाथि रहेको आकाशमा संख्यात्मक रूपमा बृध्दि हुँदै जाओ" (उत्पत्ति १:२२ रूपान्तरित)। दोस्रो, जब आदम र हव्वालाई सृष्टि गर्नुभयो तब त्यही आशिष तिनीहरूमाथि बर्षाउनुभएको थियोः फल्दैफुल्दै जाओ र बृध्दि हुँदै जाओ; पृथ्वी भर" (उत्पत्ति १:२८ रूपान्तरित)।

उत्पत्ति १:२२,२८मा सृष्टिका जीवहरू र आदम र हव्वालाई त्यही आशिष दिनुभएको थियो तर आदम र हव्वालाई भने त्यसमा अर्को आशिष थप्नुभएको थियो। त्यो के थियो हेर्नुहोस्ः "अनि परमेश्वरले तिनीहरूलाई यसो भनेर आशिष् दिनुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै र समुद्रमा भरिँदैजाओ। र पन्क्षीहरूको पनि पृथ्वीमा वृद्धि हुँदैजाओस्।" ... २८ परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ। समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर।"

फल्दै-फुल्दै जान र बृद्धि हुन जान परमेश्वरको आशिष दुवै मानव र पशुपंक्षी तथा माछाहरूलाई दिनुभएको थियो। तर आदम र हव्वालाईचाहीं

पृथ्वी र त्यसमा भएका यावत थोकहरूमाथि आधिपत्य जमाउन र त्यसको हेरचाह गर्न परमेश्वरले निर्देशन दिनुभएको थियो। यहाँ परमेश्वरको स्वरुपमा सृष्टि गरिएका मानिसहरूको उल्लेखनीय काम थपेको देखाइएको छ। यस संसारको सृष्टि दुवै जीव र अजीवलाई संगसंगै सम्हाल्न र हेरचाह गर्न सृष्टिकर्ता परमेश्वरले हामीहरूका प्रथम् पूर्खालाई निमन्त्रणा गर्नुभएको थियो (रोमी ८:१७, हिब्रू १:२,३)।

तेस्रो, सृष्टिमा परमेश्वरले दिनुभएको आशिषचाहीं हप्ताको सातौं दिन शबाथ थियो (उत्पत्ति २:३)। मानिस र पशुको बीचमा भएको भारी भिन्नता यहाँ भएको प्रमाणित गर्दछ। मानिस पशुभन्दा उच्च जात वा स्तरको छ भनेर शब्बथको आशिषले जनाउँछ। परमेश्वरसँग सङ्गत गरेर रमाउने आशिष अरू कुनै जीवजीवातहरूलाई दिएको थिएन। साथै सृष्टि गरिएको जगतमा परमेश्वरले मानिसहरूलाई अत्यन्त महत्त्वपूर्ण स्थान दिनुभएको थियो भन्ने कडा तथा सबूत प्रमाण शबाथको आशिषभन्दा अरू के होला? त्यस सन्दर्भमा कोटयाउँदा येशूले औंल्याउनुभएको कुरालाई याद आउँछः "आकाशका चराहरूलाई हेर। तिनीहरूले बिरुवा रोप्दैन र अन्न जम्मा पनि गर्दैन। तिनीहरूले अन्नहरूलाई भकारीमा थुपार्दैन। तर तिमीहरूका स्वर्गमा रहने परमेश्वर पिताले तिनीहरूलाई ख्वाउनुहुन्छ। के तिमीहरू तिनीहरूभन्दा बढि मूल्यवान छैनौ र?" (मत्ती ६:२६ रूपान्तरित)। यस पृथ्वीमा परमेश्वरको सामु मानव प्राणी बिशेष मूल्यको छ भनेर येशूले स्पष्ट रूपमा देखाउनुभएको उहाँको कथनले प्रमाणित गर्दछ।

मानिसहरूलाई बिकासवाद सिद्धान्तले दिन नसकेको बिषेश सम्मान बाइबलको सृष्टिको कथाले दिन्छ कसरी बुझ्ने? बाइबलमा दिएको जानकारी अनुसार यस संसारमा मानिस जातिको उदय भएको धारणा सोच्नुहोस्। के जुन् व्यवहार गर्नुपर्छ त्यही अनुसार अरूलाई आदरपूर्वक तपाईंले ब्यवहार गरिरहनुभएको छ?

## २. रूखमा भएको परिक्षा (उत्पत्ति २:१५-१७)

परमेश्वरले श्रृखलाबद्धरूपमा स्पष्टसँग अलग अलग गरेर सबै थोक सृष्टि गर्नुभएको थियो। उदाहरणमा ती भिन्नाभिन्ने सृष्टिमाः ज्योति र अन्धकार, माथिको पानी र तलको पानी अर्थात् बादल र पृथ्वीमा रहेको पानी, रात र दिन, पानीमा भएका जन्तुहरू र आकाश र जमिनमा भएका जन्तुहरू, स्त्री

पुरूषबाट अलग र बिशेष दुई रूखहरू जुन् एकबाट अर्कोसँग अलग र सम्पूर्ण अरू रूखहरूबाट अलग।

मानव सृष्टिभन्दा स्पष्टरूपमा अलग अलग गरिएका ती सृष्टिहरू किन महत्त्वपूर्ण छन्? हेर्नुहोस्: "४ अनि परमेश्वरले उज्यालोलाई हेर्नुभयो, त्यो असल थियो। उहाँले उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नुभयो।... ६ अनि परमेश्वरले भन्नुभयो, "पानीका बीचमा एक क्षेत्र होस्, र त्यसले पानीलाई दुई भाग गरोस्।" ७ परमेश्वरले सो बनाएर क्षेत्रमुनिको र माथिको पानीलाई अलग-अलग गर्नुभयो। तब त्यस्तै भइहाल्यो।... १४ अनि परमेश्वरले भन्नुभयो, "अन्तरिक्षमा दिन र रात छुट्ट्याउनलाई ज्योतिहरू होऊन्। तिनीहरू ऋतुहरू, दिनहरू र वर्षहरू छुट्ट्याउन चिन्हको रूपमा काम गरून्।... १८ दिन र रातमाथि प्रभुत्व गर्न अनि उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नलाई ती आकाशमा राख्नुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो।... २१ यसैले समुद्रका विशाल जलजन्तुहरू, पानीहरूमा भरिएका चलहल गर्ने किसिम-किसिमका सबै जीवित प्राणीहरू र जात-जातका पखेटा भएका सबै पन्क्षीहरू परमेश्वरले सृष्टि गर्नुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो।... २४ अनि परमेश्वरले भन्नुभयो, "पृथ्वीले जात-जातका जीवित प्राणीहरू, अर्थात् जात-जातका पालिने पशुहरू, घस्रने जन्तुहरू र जात-जातका वन-पशुहरू उत्पन्न गरोस्। तब त्यस्तै भयो। २५ परमेश्वरले पृथ्वीका जात-जातका वन-पशुहरू, जात-जातका पालिने पशुहरू र जमिनमा घस्रने जात-जातका जन्तुहरू बनाउनुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो।" उत्पति १:४,६,७,१४,१८ २१,२४,२५।

परमेश्वरले मानिस, पशु र पंक्षीहरू जमिनबाट सृष्टि गर्नुभयो (उत्पत्ति २:७,१९)। उहाँले बिभिन्न स्वादका फल दिने रूखहरू जमिनबाट नै सृष्टि गर्नुभयो (उत्पत्ति २:८,९)। पृथ्वीका सबै जमिनबाट उहाँले जमिनको एक टुक्रा अलग गर्नुभयो र त्यहाँ बिशेष बगैंचा बनाउनुभयो। त्यहाँ बिभिन्न खालका बोट बिरुवाहरू थिए। त्यसको सौन्दर्यतालाई हामीले केवल कल्पनामात्र गर्न प्रयास गर्छौं। बर्तमान अनेकन् रमणिय र सुन्दर बगैंचाहरू अदनको बगैंचाको तुलनामा केही पनि होइन भने पनि हुन्छ। त्यस बिशेष बगैंचाको बीचमा दुई बिशेष रूखहरू थिए-अनन्त जीवन दिने रूख र असल र खराब छुट्याउन ज्ञान दिने रूख। दोस्रो रूखको फल नखान परमेश्वरले मनाही गर्नुभएको

थियो। यदि त्यसको फल खाएमा नराम्रो नतिजा हुनेछ भनेर परमेश्वरले आदम र हव्वालाई भन्नुभएको थियो (उत्पत्ति २:१७)।

परमेश्वरले आदमलाई के भन्नुभएको थियो र त्यहाँ अलग अलग गरि राखिएका रूखहरूबाट तिनीहरूको परमेश्वरप्रति निष्ठा तथा बफादारी हुने बिबेकको स्वतन्त्रतालाई कसरी व्याख्या गरिएको छ? हेर्नहोस् उत्पत्ति २:१५-१७ "१५ परमप्रभु परमेश्वरले मानिसलाई लगेर अदनको बगैंचामा त्यसको गोड़गाड़ र हेरचाह गर्न राख्नुभयो। १६ अनि उहाँले मानिसलाई यो आज्ञा दिनुभयो, "बगैंचाका सबै रूखका फल तिमीले सङ्कोच नमानी खाए हुन्छ, १७ तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तिमीले त्यो खान्छौ तिमी निश्चय नै मर्नेछौ।"

अलगिएको मामिला स्पष्ट छः सबै रूखका फलहरू निसंकोच मानेर खानु तर त्यहाँ छुट्याइएको एउटा रूखको फलचाहीँ नखानु। सम्पूर्ण रूखहरूबाट त्यो रूख अलगै थयो। त्यहाँ परमेश्वरको स्पष्ट निर्देशनमा शंङ्का गर्ने ठाउँ नै छैन। आदम र हव्वालाई नैतिक चरित्र भएका नरनारी गरि सृष्टि गर्नुभएको थियो। आत्मनिर्णय तथा बिबेकको स्वतन्त्रता नदिइकन धार्मिकताले काम गर्न सक्दैन न त अर्थ नै हुन्छ। आदम र हव्वालाई तिनीहरूको बफादारिता र निष्ठाको स्वतन्त्रतालाई तिनीहरूले के गर्नेछ भनेर त्यो रोजाइ तिनीहरूलाई दिइएको थियो। "असल र खराबको ज्ञान दिने रूख आदम र हव्वा परमेश्वरप्रति कतिको निष्ठावान छन् र उहाँलाई कतिको प्रेम गर्छ भनेर जाँच्न राखिएको थियो। अरू कुनै बिशेष नियमहरू नदिइकन केवल एकमात्र नियम दिएर त्यस बगैंचामा तिनीहरूलाई राख्न परमेश्वरले उचित ठान्नुभएको थियो। के असल र खराबको ज्ञान दिने रूखको फल खाएर परमेश्वरको आज्ञालाई तिनीहरूले तोड्ने र यदि तोडियो भने तिनीहरू परमेश्वरको नियमलाई अबज्ञा वा तोडेको ठहरिनेछ र तिनीहरू दोषी ठहरिने नीतिमा तिनीहरू चल्ने?"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ५३बाट रूपान्तरित।

तपाईंको जीवनमा के के यस्ता कुराहरू छन् जुन् तपाईंले तिनीहरूबाट अलग हुन जरुरी छ?

## ३. पतनः भाग १ (उत्पत्ति ३:१-५)

अरू सबै जन्तुहरू भन्दा सर्प अत्यन्त चलाख भएको उत्पत्ति ३:१ले बताउँछ। बाइबलको सम्पूर्ण इतिहासमा सर्प अत्यन्त प्रभावकारी चिन्हको

रूपमा खडाभएको पाइन्छ। जब इस्राएलीहरू इजिप्टबाट निस्केर आएर मरुभूमीमा यात्रा गर्दै थिए, त्यसबेला तिनीहरूको बिद्रोहको कारण मरुभूमीमा भएका सर्पहरू निस्किँदै तिनीहरूलाई टोकेका थिए र कति मरेका पनि थिए। तर जब मोशाले परमेश्वरसँग मानिसहरूको निम्ति क्षमाप्रार्थना गरे तब उहाँले मोशालाई काँचको सर्प बनाएर लठ्ठामा झुन्ड्याउनु भन्नुभएको थियो। जस जसले त्यसलाई हेरे तब सर्पदंशको महामारीबाट तिनीहरू निको भएका थिए (गन्ती २१:५-९)। त्यही काँचको सर्पलाई मानिसहरूले भगवान भनेर पूजा गर्ने थाले। सातसय वर्षपछि राजा हेजकियाले त्यस सर्पमूर्तीलाई धुजा धुजा पारेका थिए (२ राजा १८:४)। प्रकाशको पुस्तकमा त्यो "पुरानो सर्प"लाई स्पष्टरूपमा शैतान वा दियाबलस भनेर कहलाइएको छ।

हव्वालाई धोका दिन शैतानको कस्तो योजना थियो? हेर्नुहोस्, उत्पत्ति ३:१-५ "१ परमप्रभु परमेश्वरले बनाउनुभएका वन्य पशुहरूमध्ये सर्प सबभन्दा धूर्त थियो। त्यसले स्त्रीलाई भन्यो, “के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ?” २ स्त्रीले सर्पलाई भनिन्, “बगैंचाका रूखहरूका फल हामी खान सक्छौं, ३ तर बगैंचाको बीचमा भएको रूखका फलको विषयमा परमेश्वरले भन्नुभएको छ, ‘त्योचाहिँ नखानू र नछुनू, नत्रता तिमीहरू मर्छौ’।” ४ सर्पले स्त्रीलाई भन्यो, “तिमीहरू मर्दैनौ। ५ किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ।”

सर्पले हव्वासँग बोलेको पहिलो शब्दहरूमा नै परमेश्वरप्रति रोष प्रकट गर्ने खालको नकारात्मक शब्दहरू थिएः "के परमेश्वरले साँच्चिकै कुनै रूखको फल नखानु भन्नुभएको थियो?" (उत्पत्ति ३:१ रूपान्तरित)। त्यसबले सर्पले आफूसँग किन कुरा गरिरहेको थियो भनेर अलिकति पनि सोचेन। तर परमेश्वरप्रति निष्ठालाई ध्वस्त पार्ने झुठो कुराको छलमा हव्वा फसिन्। शैतानले सोध्छ, "बगैंचामा भएको कुनै रूखको फल नखानु भनेर परमेश्वरले साँच्चिकै भन्नुभएको थियो र?" (उत्पत्ति ३:१)। बगैंचामा भएका सबै रूखहरूका फलहरू नखान भनेर परमेश्वरले भन्नुभएको थियो भन्ने आभास हव्वाको मगजमा सर्पले घुसाउन खोजेको थियो। तर त्यो सत्य थिएन। केवल असल र खराबको ज्ञान दिने रूखकोमात्र फल नखानु भनेर परमेश्वरले आदम र हव्वालाई भन्नुभएको थियो। बाइबलको प्रारम्भिक भाषाले त्यही भन्छ।

यहाँ परमेश्वरको चरित्र वा स्वभावको गरिमालाई नै धक्का दिने खालको प्रश्न गरिएको थियो। यथार्थमा परमेश्वरमाथि सर्पले सिधा आक्रमण गरिरहेको थियो। सर्पको प्रश्नमा केही हदसम्म असहमती जनाउँदै हव्वाले जवाफ दिन्छिन्, "अहँ, बगैंचामा रहेका सबै रूखका फलहरू खान सक्छौं। तर परमेश्वरले त यो भन्नुभएको थियो 'बगैंचाको बीचमा भएको एउटा रूखको फल नखानु। त्यसलाई नछुनु पनि। यदि तिमीले छोयौ र खायौ भने तिमी मर्नेछौ।"' (उत्पत्ति ३:२,३)। नछुनु भन्ने निर्देशनचाहीं हव्वाले थपेकी थिइन्।

यसबेलासम्म हव्वालाई फसाउन सकिन्छ भन्ने कुरामा शैतान सुरो भयो। अनि उसले परमेश्वरको आधिपत्यलाई सिधै चुनौति दियोः "तिमी मर्ने छैनौ भन्ने कुरामा निश्चित होओ।" (उत्पत्ति ३:४ रूपान्तरित)। हुनसक्छ शैतानले रूखमा त्यस फललाई छोएर बसेको र ऊ जिउँदै भएको देखेर नै उसको कुरा सही देखिएको थियो। अनि उसले अन्तिम बोली उनलाई प्रहार गऱ्योः "जुन दिन तिमीले यो रूखको फल खान्छयौ त्यो दिन तिमीहरूका आँखाहरू खोल्नेछन् र असल र खराबको ज्ञान थाहा पाएर तिमीहरू परमेश्वरजस्तो हुनेछौ (कतिपय अनुवादमा भगवानहरू भनिएको छ)।" (उत्पत्ति ३:५ रूपान्तरित)। प्रलोभनकर्ता शैतानले परमेश्वरको इमान्दारितामाथि मात्र चुनौति दिन खोजेको थिएन तर आदम र हव्वाको भलाई नचिताएको भनेर उहाँप्रति शङ्का उब्जाएको थियो। परमेश्वरले तिनीहरूबाट असल कुरा लुकाउन खोजेको थियो भन्ने आभास् सर्पले हव्वालाई दिएको थियो।

शैतानले सत्यलाई असत्यसँग मिसाएको थियो। मानिसहरूले सत्य र असत्यलाई मिसाएर मिठो बनाएका केही धारणाहरू छन् जसले गर्दा मानिसहरू सजिलैसँग त्यसमा फस्छन्? त्यो जहिले पनि किन घातक हुनसक्छ?

## ४. पतनः भाग २ (उत्पत्ति ३:४-७)

जब परमेश्वरले आदम र हव्वालाई सृष्टि गर्न निधो गर्नुभएको थियो त्यसबेला तिनीहरू परमेश्वरको स्वरुपमा सृजिनेछ भनेर निर्णय गर्नुभएको थियो (उत्पत्ति १:२६)। जब शैतानले आफ्नो अंकुश तिनीहरूको मगजमा घुसायो तब तिनीहरूले यदि त्यो निषेधित फल खायो भने तिनीहरू परमेश्वर जस्तै हुनेछ भनेको थियो। तर यथार्थमा तिनीहरू परमेश्वर जस्तै नै थियो। तिनीहरू उहाँको स्वरुपमा सृष्टि गरिएका थिए। दुःख लाग्दो कुरो त यो थियो कि धुर्त

शैतानसँगको मनमुग्ध बार्तालाबमा तिनीहरूले त्यो महत्त्वपूर्ण सत्यलाई बिर्सेको थियो।

थप कुरा भन्नुपर्दा सुरुवातको खाना दिने परमेश्वरनै हुनुहुन्थ्यो। तर आदम र हव्वालाई परमेश्वरसँगको युद्धभूमिमा फसाउन उहाँले तोक्नु भएको सिमाबाट  बाहिर भएको खाना ख्वाउन दिने शैतानको षडयन्त्र थियो। मानौं तपाईंलाई कसैले घरमा खान बोलायो रे। तपाईंको अगाढि राखिएको खानालाई मिठो मानेर खानुको सट्टा पाहुना हुन गएको भान्सामा भएका दराजहरूबाट आफूलाई मन पर्ने खाना लिएर पकापक खानु भयो रे! तपाईंलाई निमन्त्रणा गर्ने व्यक्तिको सरासर बेइज्जत भएको देखिन्छ, होइन त? तपाईंलाई निम्त्याउने व्यक्तिलाई तपाईंले आदर नगरिएको देखाउँछ। तपाईंको अशिष्ट व्यवहारले तपाईंलाई निम्त्याउने व्यक्तिसँगको सम्बन्धमा गडबडको वातावरण स्वःत हुने कुरा हो।

प्रलोभनमा फसाउने शैतानले हव्वालाई भनेकि यदि तिनीहरूले निषेधित फल खायो भने तिनीहरूको आँखा खोलिनेछ रे! जब तिनीहरूले त्यो फल खाए तब तिनीहरूको आँखा खोल्दा तिनीहरूले के देखे? तिनीहरूले देखिने नयाँ दृष्टिले के स्पष्टसँग तिनीहरूले देखे? हेर्नुहोस्, उत्पत्ति ३:४-७ '४सर्पले स्त्रीलाई भन्यो, "तिमीहरू मर्दैनौ। ५ किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ।"  ६ जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रूखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए। ७ अनि दुवैका आँखा खुले, र "नाङ्गै पो रहेछौं" भनी तिनीहरूले थाहा पाए। अनि अञ्जीरका पातहरू गाँसेर आफ्ना निम्ति तिनीहरूले वस्त्र बनाए।"

हव्वाको भौतिक तृष्णाले उनको इन्द्रियहरूलाई नियन्त्रणमा राख्न सकेन र जसको फलस्वरुप त्यस तृष्णाले उनलाई जिते (उत्पत्ति ३:६)। त्यो रूख हेर्नमा सुन्दर थियो। यदि उनको दाँतले फललाई टोक्न सकियो भने उनले उच्च जीवनमा पस्न सकिने दिवास्वप्न उनले देखिन्। त्यसकारण उनले त्यो फल टिपिन् र खाइन्  आफूसँग रहेको आदमलाई पनि दिइन् । अनि तिनीहरूका आँखाहरू खोले ! (उत्पत्ति ३:७)। अनि तिनीहरूले जे देखे त्यसबाट तिनीहरू लज्जित भए।

एउटा उल्लेखनीय बिषय बस्तु यहाँ हामीले बिर्सनुहुन्न। जब तिनीहरूले निषेधित फल खाए तब सबै असल थोक दिनुहुने परम प्रभु परमेश्वरबाट डरले लुक्न गए। मानव आवश्यकताका प्रश्नका जवाफहरू परमेश्वरबाट भन्दा मानिसले सृजना गरेका तत्वहरूबाट लिन थाले (यसमा, तिनीहरूको खानाको चाहना)। तिनीहरूको आवश्यक खानाहरूको आपूर्ति परमेश्वरले गर्नुहुनेछ भनेर उहाँले कबूल गर्नुभएको थियो। तिनीहरूले खानेहरूको मिनु वा शूची तिनीहरूलाई दिइएको थियो। निषेधित रूखबाट फल खानु भनेको आदम र हव्वाले परमेश्वरले औंल्याउनुभएको खाना प्रकारबाट बाहिरिएर खानु हो र परमेश्वरमाथि तिनीहरूको भरोसा नभएको तिनीहरूले देखाएका थिए।

आजभोली हामीहरूको सामु हामीहरूको समाजमा अनेकन् निषेधित फलहरू उपलब्ध छन्। तिनीहरू के के हुन्? विभिन्न विज्ञापनहरूद्वारा तिनीहरूले मानिसहरूलाई आकर्षित गर्दछन्। आदम र हव्वाले गरेका भूलहरू हामीले नदोहो-याउन हामीले के गर्नुपर्छ?

## ५. निषेधित फल खाएको परिणाम (उत्पत्ति ३:१०-१९)

एउटा निषेधित रूखको फल खान्दा कतिको क्षती हुनगयो भन्ने पूरामात्रामा बुझ्नुभन्दा पहिले हामी अनन्त जीवनको परसम्म पुगिसक्नेछौं होला। परमेश्वरले सृष्टिको हप्तामा गरेका सबै कामहरू टुक्रिन थालेको थियो। परमेश्वरले स्थापना गर्नुभएको सम्बन्ध पनि टुक्रिएको थियो। ती सम्बन्धहरूमा (१) परमेश्वर र मानिसको बीचमा भएको सम्बन्ध (तिनीहरू परमेश्वरबाट लुक्न गएका थिए) (२) मानिसहरूको बीचमा हुनुपर्ने सुमधुर सम्बन्धमा पनि आँच आएको थियो। (आदमले हव्वालाई समस्याको सुरु गर्ने भनेर दोषी ठहऱ्याए) र (३) मानिस र जमिनको बीचमा पनि प्रतिकूल सम्बन्ध हुन थाल्यो (सर्प मानिसको शत्रु बने, जमिनले सिउँदी र काँढाहरू उमार्न थाले र कडा परिश्रम गरे र पसिना बगाउन सके खाना पाइने भयो)।

आदम र हव्वाले के बाहना बनाए जसले गर्दा तिनीहरू पतनको पथमा पुगे? हेर्नुहोस् उत्पत्ति ३:१०-१९ '१० उनले भने, "मैले तपाईंको स्वर बगैंचामा सुनें र म डराएँ, किनभने म नाङ्गै थिएँ, र म लुकें।" ११ उहाँले सोध्नुभयो, "तिमी नाङ्गै छौ भनेर कसले भन्यो? जुन रूखको फल नखानू भनी मैले तिमीलाई आज्ञा दिएको थिएँ के तिमीले त्यो खायौ?" १२ मानिसले भने, "जुन स्त्री तपाईंले मलाई मसँगै रहन भनी दिनुभएको थियो, त्यसैले मलाई त्यो

रूखको फल दिई र मैले खाएँ।" १३ अनि परमप्रभु परमेश्वरले स्त्रीलाई भन्नुभयो, "तिमीले यो के गर्‍यौ।" स्त्रीले भनिन्, "सर्पले मलाई छल गर्‍यो, र मैले त्यो खाएँ।" १४ तब परमेश्वरले सर्पलाई भन्नुभयो, "तैंले यसो गरेको हुनाले, "तँ सबै पालिने पशुहरू र सबै वन-पशुहरूभन्दा ज्यादा श्रापित हुनेछस्। पेटद्वारा तँ हिंड्नेछस् र तेरो जीवनभरि तैंले माटो खानेछस्। १५ तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।" १६ स्त्रीलाई उहाँले भन्नुभयो, "तिम्रो सुत्केरी-वेदना म ज्यादै गरी बढ़ाइदिनेछु। दुःखसँग तिमीले बालक जन्माउनेछौ। तिम्रो इच्छा पतितर्फ नै हुनेछ, र त्यसले तिमीलाई अधीनमा राख्नेछ।" १७ त्यसपछि आदमलाई उहाँले भन्नुभयो, "तिमीले तिम्री पत्नीको कुरा सुनेर मैले नखानू भनेको रूखको फल खाएको हुनाले, "भूमि तिम्रो कारण श्रापित भएको छ। तिम्रो जीवनभरि दुःखसँग त्यसको उब्जनी तिमीले खानेछौ। १८ त्यसले तिम्रो निम्ति काँढ़ा र सिउँड़ीहरू उमार्नेछ, र तिमीले खेतको सागपात खानेछौ। १९ माटोमा नफर्कुञ्जेल तिम्रो निधारको पसीनाले कमाएको भोजन तिमीले खानेछौ। किनकि माटैबाट तिमी निकालिएको थियौ। तिमी माटै हो र माटैमा फर्किजानेछौ।" बिभिन्न बहाना बनाएर परमेश्वरको निषेधाज्ञा तोडिँदा उहाँले त्यसलाई कसरी लिनुभयो सो सोच्नुहोस्। आफूहरूले जे गरे त्यसको जिम्मेवारी आदम र हव्वाले स्वीकार त गर्नुपरेको थियो। त्यसकारण परमेश्वरले तिनीहरूको कामको परिणाम कसरी भोग्नु पर्नेछ भनेर बिस्तारपूर्वक व्याख्या गर्नुभएको थियो। प्रथमतः सर्पलाई श्राप दिएको थियो र उसले माटो खानेछ, स्त्रीबाट घृणित हुनेछ र उनको सन्तानले उसको शीरलाई कुच्याइनेछ (उत्पत्ति ३:१४,१५)।

अनि परमेश्वरले हव्वालाई भन्नुभयो कि बालक जन्माउँदा उनले ठूलो प्रसव बेदना खप्नु पर्नेछ (उत्पत्ति ३:१६)। फेरि आदम जुन् सृष्टिमा उनलाई राजासरी बनाउनुभएको थियो अब उनले कडा परिश्रम र पसिना बगाएर खाना उब्जाउनु पर्नेछ (उत्पत्ति ३:१७-१९)।

परमेश्वरतिर फर्किने कि उहाँको बिरुद्धमा गइरहने? सो आत्मनिर्णयको अधिकार अब आदम र हव्वाले सामना गर्नुपरेको थियो। तिनीहरूले गरेको गल्तीलाई स्वीकार्नु नै तिनीहरू परमेश्वरमा फर्कने पहिला

कदम थियो। तर पापले ल्याएको समस्यालाई सुल्झाउन त्यो मात्र पर्याप्त थिएन।

मानिसको भविष्यलाई सुरक्षित पार्न अर्को उपाय रच्नु परेको थियो। त्यसकारण परमेश्वरले भविष्यमा आउने मसीह अर्थात् उद्धारकर्तालाई औँल्याउन पशुबलीको सुरू गर्नुभएको थियो (उत्पत्ति ३:२१)। शैतानले घिस्रिने जन्तु सर्पलाई पाप ल्याउन, सम्बन्ध तोड्न र पाएको अधिकारलाई गुमाउन प्रयोग गरेको थियो। परमेश्वरले पनि भेँडाको पाठोलाई प्रयोग गर्नुभएको थियो जसले मुक्ति ल्याउनुहुने मुक्तिदाताको आगमनलाई औँल्याएको थियो (उत्पत्ति ३:१५)। यस पृथ्वीको शासक वा मालिकहरू हुनुको सट्टा अब तिनीहरू भूमिमा भर पर्नुपर्‍यो र एक आपसमा पनि कहिलै नभएको भर पर्नुपर्‍यो। "तल्लो स्तरका सृष्टि जिव जिवातहरूमा आदम राजा जस्तो उभिएको थियो। जब सम्म आदम परमेश्वरको निष्ठामा हिँडेको थियो तब सम्म सबै सृष्टिले उसको आधिपत्यलाई स्वीकारेको थियो। जब आदम पापमा फस्यो तब त्यो अधिकार उनबाट खोसिएको थियो।"-एलेन जी ह्वाइट, एडुकेशन, पृ. २६बाट रूपान्तरित।

आदम र हव्वाले पाप गर्नेबित्तिकै हामीलाई मुक्तिको आशा दिलाएको थियो जुन् उत्पत्ति ३:१५ले दिन्छ। त्यो आशा तपाईंको आफ्नै कसरी बनाउन सक्नुहुन्छ? तपाईंको बिगतको जीवन जे भएतापनि त्यो तपाईंको हुनसक्छ भनेर मुक्तिको हर्षलाई तपाईले कसरी लिन सक्नुहुन्छ?

## उपसंहारः

**थप जानकारीः** अदनबाट हामी धेरै टाढा छौं। परमेश्वरले सृष्टि गर्नुभएको समयभन्दा हामी निकै टाढा आइसकेका छौं। पाप पस्नुभन्दा अघिको सृष्टिको कल्पना हामीले गर्न नसकेतापनि परमेश्वरको गुण र प्रेम सृष्टिका कतिपय थोकहरूबाट हामी सिक्न सकिरहनसक्छौं। जतातते हामीले हेर्‍यौं भने प्रकृतिका सौन्दर्यता र अचम्मका रचनाहरू देख्न सकिन्छ। ती सबै अचम्मका असल थोकहरूले सृष्टिकर्ताको प्रेमको बारेमा बताउँछ। विभिन्न जातको फलफूलहरू र तरकारीहरूलाई नै औँल्याउन सक्यौं भने परमेश्वरले अझ पनि हामीलाई माया गर्नुहुन्छ भनेर देखाउँछ। तिनीहरूमा स्याउ, सुन्तला, मौसम, स्त्रबेरी, अंशेलु आदि बेरीहरू, आभाकादो, गोलभेँडा, कागती, खरबुजा, मदिसे बदाम, नास्पाती, आलुवखडा, गाजर, केराउ, केरा, कटहर, अनार, ब्राकाउली, रायो साग, गेडालाई भिजाएर उमारेर खाने टुसाहरू, प्याज, चेरी फल, सेलरी साग,

मेवा, भन्टा, चम्सुर, पालुङ्गो, प्याज आदिहरू छन्। के तिनीहरू अचानक उम्रेर हाम्रो लागि असल हुन आएको हो त? के आपसे आप उम्रेर बिऊहरू उम्रिए त? त्यो कदापी होइन। फेरि ती स्वादिलो फलफूलहरू सबैले उपभोग गर्न सकिन्छ भन्ने छैन। बाढी, पहिरो, अनिकाल, भुकम्प आदिहरू पनि छन् र मानिसहरू भोक भोकै पनि मरिरहेका छन् र अनेकन् रोगव्याधीले ग्रष्त पनि छन्। पापले गर्दा हामीहरूको पृथ्वी कतिको क्षती भए भनेर त्यसले बताउँछ। तर समय भए ती क्षतीलाई एक छिन् बिर्सेर सृष्टिलाई मात्र हेर्न सक्यौं भने हामीहरूको सृष्टिको सौन्दर्यतालाई अवरणिय भएको पाउँछौं। परमेश्वरको प्रेमको शक्तिका उदाहरणहरू ती प्राकृतिक सृष्टिबाट नियाल्न सक्छौं। तर यो पनि हामी निश्चित हुनुपर्छ कि हामीहरूको आशा सृष्टिमा होइन तर सृष्टिकर्ता येशू हुनुहुन्छ।

**चिन्तनमनन:**

**अ.** **मानिस भएर जन्मनुको अर्थ हामी कहिलै पनि मर्नु नपर्ने थियो। मृत्यु भनेको केवल नरमाइलो बिखण्डन हो। यो हामीले कहिलै पनि भोग्नु नपर्ने अवस्था थियो। त्यसकारण मृत्युप्रति हामीहरूको स्वःत नरमाइलो भावना अदनको बगैंचाबाट हामीले लिएर आएका हौं। हामीलाई दिइएको अनन्त जीवनको बारेमा बाइबलले दिएका प्रतिज्ञाहरू गहिरिएर सोच्नुहोस्। मृत्युप्रति आतङ्कित भावनालाई ती प्रतिज्ञाहरूले कसरी माथ गर्न सकिन्छ, सोच्नुहोस्।**

**आ.** **सृष्टि गरिएका कुन् थोकहरूबाट परमेश्वरको अस्तित्व र हामीमाथि उहाँको अगाढ प्रेमको बारेमा बताउँछ?**

**इ.** **पाप गर्न बाहना निकल्ने आदम र हव्वाहरूको बारेमा फेरि उत्पत्ति ३मा हेर्नुहोस्। नराम्रो गर्ने बाहना निकल्न किन सजिलो छ? कुन कुन् बाहनाहरू निकालेर हामीहरू के के गलत बाटोमा लाग्न सक्छौं? हामीहरूको बंश, साथीभाई, परिवार तथा वातावरणहरूलाई दोष दिएर हामीहरूको गलत कामलाई कसरी ठीक भन्ने नीतिमा पुग्न सक्छौं? मगजमा घुसाइ राख्ने ती खतरापूर्ण धारणाहरूलाई पन्छाएर हामीहरूले हामीहरूको गलत कामप्रति हामीहरूले जिम्मेवारी लिने चलन कसरी सिक्ने?**